बैठक संख्या ०२

आज मिति २०८१ साल भदौ २७ गते (विहीवार) का दिन दिउसो ०२:१५ बजे देखि ईशनाथ नगरपालिका, औरैया, रौतहटको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री कौशल्या देवीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको सभा हलमा तपसिलको उपस्थितिमा बैठक बस्यो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री कौशल्या देवी | नगर प्रमुख | |
| २. | श्री मो. परवेज | नगर उप-प्रमुख | |
| ३. | श्री बिगु साह बनिया | वडा अध्यक्ष/का. पा. सदस्य | |
| ४. | श्री धर्मेन्द्र साह | वडा अध्यक्ष/का. पा. सदस्य | |
| ५. | श्री रामचन्द्र राउत | वडा अध्यक्ष/का. पा. सदस्य | |
| ६. | श्री शत्रुधन सिंह | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ७. | श्री शेख निसार | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ८. | श्री जवाहिरलाल साह | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ९. | श्री बिरलाल साह तेली | का. वडा अध्यक्ष/का.पा. सदस्य | |
| १०. | श्री शेख खुसवुदिन | वडा अध्यक्ष/का.पा. सदस्य | |
| ११. | श्री रामबाबु राय यादव | वडा अध्यक्ष/का.पा. सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १२. | श्री खुर्सेदा खातुन | कार्यपालिका महिला सदस्य | |
| १३. | श्री कमली देवी | कार्यपालिका महिला सदस्य | |
| १४. | श्री रामकली कनुईन | कार्यपालिका महिला सदस्य | |
| १५. | श्री सुन्दरता देवी | कार्यपालिका महिला सदस्य | |
| १६. | श्री समसुन नेशा | कार्यपालिका महिला सदस्य | |
| १७. | श्री तेजीलाल साह | कार्यपालिका सदस्य | |
| १८. | श्री उपेन्द्र महरा | कार्यपालिका सदस्य | |
| १९. | श्री लक्ष्मी नारायण राम | कार्यपालिका सदस्य | |
| २०. | श्री नन्द किशोर गुप्ता | सचिव/नि.प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. १ : स्तर वृद्धि सम्वन्धमा ।

निर्णय नं. १ : यस नगरपालिका कार्यालयमा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरुले स्तर वृद्धिका लागि मिति २०८१/०५/२५ मा निवेदन दिइएको हुँदा मधेश प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा मिति २०८१ भदौं ७ गते प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) बमोजिम समायोजन ऐन २०७५ बमोजिम साविक स्थानीय निकायको सहायक तेस्रो, चौथो, पाँचौं र अधिकृत स्तर छैठौं, सातौं, आठौं तहको कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई यो ऐन जारी हुँदाका बखत पाँच वर्ष वा सो भन्दा वढी सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनु भन्दा पहिलेको सम्वन्धीत पद देखि नै ज्येष्ठता कायम हुने गरि अख्तियारवालाले एक तह स्तरवृद्धि गरिदिने व्यवस्था भए बमोजिम देहाय अनुसार कर्मचारीहरुलाई एक तह स्तर वृद्धि गर्ने निर्णय गरियो ।

## तपसिल

| क्र. सं. | कर्मचारीको नाम | कर्मचारी संकेत नं. | सुरु नियुक्ति | | | | बढुवा नियुक्ति | | | | स्तर वृद्धि हुने | | | ज्येष्ठता कायम हुने मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मिति | सेवा | समुह | तह | तह | मिति | सेवा | समुह | तह | सेवा | समुह | |
| १. | मनोज कुमार ठाकुर | ०३७८५ | २०६३/०२/३१ | प्रशासन | लेखा | सहायक चौथो | सहायक पाँचौं | २०७३/०९/२० | प्रशासन | लेखा | अधिकृत छैठौं | प्रशासन | लेखा | २०७३/०९/२० |
| २. | विरेन्द्र प्रसाद कुशवाहा | ०३७८४ | २०६३/०२/३१ | प्रशासन | प्रशासन | मुखिया (तेस्रो) | सहायक चौथो | २०६५/०६/०८ | प्रशासन | प्रशासन | सहायक पाँचौं | प्रशासन | प्रशासन | २०६५/०६/०८ |
| ३. | शिवपुजन महतो | ०४६३६ | २०५९/०९/१६ | प्रशासन | प्रशासन | मुखिया (तेस्रो) | सहायक चौथो | २०६७/१२/३० | प्रशासन | प्रशासन | सहायक पाँचौं | प्रशासन | प्रशासन | २०६७/१२/३० |
| ४. | मो. सैफ अली | ०४७०२ | २०६३/११/१७ | प्रशासन | प्रशासन | सहायक चौथो | - | - | - | - | सहायक पाँचौं | प्रशासन | प्रशासन | २०७३/११/१७ |

प्रस्ताव नं. २ : तह मिलान सम्वन्धमा ।

निर्णय नं. २ : यस नगरपालिका कार्यालयमा कार्यरत इन्जिनियर श्री विरज कुमार मिश्रले स्तर वृद्धिका लागि मिति २०८१/०५/२५ मा निवेदन दिइएको हुँदा मधेश प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा मिति २०८१ भदौं ७ गते प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ अनुसार निजलाई तपसिल बमोजिम तह मिलान गर्ने निर्णय गरियो ।

तपसिल

| हाल कार्यरत पदको विवरण | तह मिलान हुनु पर्ने पदको विवरण |
|---|---|
| १. सेवा : नेपाल इन्जिनियरिङ्ग<br>२. समूह/उपसमूह : सिभिल<br>३. पद : इन्जिनियर<br>४. तह : छैठौं<br>५. नियुक्ति मिति : २०७६/०९/१६ | १. सेवा : नेपाल इन्जिनियरिङ्ग<br>२. समूह/उपसमूह : सिभिल<br>३. पद : इन्जिनियर<br>४. तह : सातौं<br>५. जेष्ठता कायम हुने मिति : २०७६/०९/१६ |

प्रस्ताव नं. ३ : जग्गा बर्गीकरण सम्बन्धमा ।

निर्णय नं. ३ : यस नगरपालिका अन्तर्गत विभिन्न व्यक्ति संघ संस्थाको नाममा दर्ता रहेको जग्गा बर्गीकरण नभएको अवस्थामा उक्त जग्गाहरु वेच विखन गर्न तथा कित्ता काट गर्न रोक लगाइएको कारणले जग्गा बर्गीकरणको लागि सेवा परामर्शबाट कन्सलटेन्सी मार्फत दर भाउ पत्र माग गरि गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ४ : हार्डकपी बोलपत्र सम्बन्धमा ।

निर्णय नं. ४ : यस नगरपालिका कार्यालयको आ.ब. ०८१/०८२ का लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका रु. साठी लाख सम्म लागत अनुमान भएका योजना तथा कार्यक्रमहरुको हकमा हार्डकपी बोलपत्र मार्फत मात्र खरिद प्रक्रिया अगाडी बढाउनका लागि यस नगरपालिकाको प्राविधिक शाखा, योजना शाखा, लेखा शाखा तथा प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

प्रस्ताव नं. ५ : योजना थप सम्बन्धमा ।

निर्णय नं. ५ : यस नगरपालिका अन्तर्गत तपसिलमा बमोजिमको योजनाहरुको कार्य गर्न अति आवश्यक रहेको हुनाले स्रोत निर्धारण भएमा यस आ.व.मा स्रोत निर्धारण नभएमा अर्को आ.व.मा भुक्तानी हुने गरि थप योजनाको कार्य चालु आ.ब. ०८१/०८२ मा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम र सञ्चालन हुने ठेगाना | अनुमानित लागत रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | जग्गा बर्गीकरण गर्ने | १००० | |

| | | | |
|---|---|---|---|
| २. | जयनगर प्रहरी चौकी मर्मत तथा रङ्गरोगन गर्ने कार्य ईशनाथ ६ | ५०० | |
| ३. | न.पा. भरि बिग्रिएका सडकहरु मर्मत तथा ढलान गर्ने वडा नं. १ देखि ४ सम्म | ५९०० | |
| ४. | न.पा. भरि बिग्रिएका सडकहरु मर्मत तथा ढलान गर्ने वडा नं. ५ देखि ९ सम्म | ५५०० | |

प्रस्ताव नं. ६ : "घ" वर्ग निर्माण इजाजत पत्र सम्वन्धमा ।

निर्णय नं. ६ : यस नगरपालिका कार्यालयको मिति २०८१/५/२४ गते "घ" वर्ग निर्माण इजाजत पत्रको लागि सिवरन कन्स्ट्रक्सन प्रा. लि.ले दर्ता गराउनु भएको निवेदन तथा सम्पूर्ण कागजातको आधारमा यस नगरपालिकाको "घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७७" वमोजिम इजाजतपत्र दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७ : कृषि मिटरको विद्युत महसुल भुक्तानी सम्वन्धमा ।

निर्णय नं. ७ : यस नगरपालिका अन्तर्गतका सम्पूर्ण किसानहरूले लिइएको कृषि मिटरको लगत संकलन गरि विद्युत महसुल वापतको रकम २०८१ श्रावण देखि लागु हुने गरि यस नगरपालिकावाट व्यहोर्ने गरि भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ : सुविधा सम्वन्धमा ।

निर्णय नं. ८ : यस नगरपालिकाका अन्तर्गत रहेका स्वास्थ्य चौकी डुमपरीया (प.) मा कार्यरत ल्याव असिस्टेन्ट सुनिल कुमार यालव, एम्वुलेन्स चालक राजेश साह कानु र महफुज आलम तथा नगर प्रहरी इन्चार्ज राजेश साह कलवारले सुविधा वढाई पाउ भनि निवेदन दिइएको हुँदा क्रमशः ल्याव एसिस्टेन्ट सुनिल कुमार यादवको मासिक रकम रु. २२००० (वाइस हाजा मात्र), एम्वुलेन्स चालक राजेश साह र महफुज आलमलाई जिल्ला वाहिर गएको खण्डमा मात्र प्रति दिन रु. ३०० (तिन सय) खाजा, खाना वापत तथा नगर प्रहरी इन्चार्ज राजेश साह कलवारलाई सञ्चार तथा विविध खर्च वापत प्रति महिना रु. २००० (दुई हजार) मिति २०८१ श्रावण देखि लागु हुने गरि सुविधा दिने निर्णय गरियो ।

प्रस्ताव नं. ९ : अनुदान सम्वन्धमा ।

निर्णय नं. ९ : मा.वि. मठियामा विद्यार्थी संख्या वढी रहेकोले निजी स्रोतका शिक्षक लाई पारिश्रमिक भुक्तानीका लागि अनुदान माग गरि आएको हुँदा उक्त विद्यालयलाई शैक्षिक सहायता अनुदान खर्च शिर्षक वापत रु. २५००००/- (दुई लाख पचास हजार मात्र) दिने निर्णय गरियो ।

प्रस्ताव नं. १० : विद्युत आपूर्ति गर्न ट्रान्सफरमर जडान गर्ने सम्बन्धमा ।

निर्णय नं. १० : यस नगरपालिका अन्तर्गत विभिन्न टोल बस्तीमा विधुत भोल्टेज कम रहेको कारण आम जनसमुदायमा धेरै कठिनाइ भएकोले स्रोत निर्धारण भएमा चालु आ.व.मा भुक्तानी हुने स्रोत निर्धारण नभएमा अर्को आ.व.मा भुक्तानी हुने गरि हाललाई ७ (सात) वटा 100 KVA ट्रान्सफरमर खरिद गरि आवश्यकता अनुसारको टोल बस्ती ठाउँमा जडान गरि विद्युत आपूर्ति गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ : मठ मन्दिर सञ्चालन तथा व्यवस्थापन निर्देशिका पारित सम्वन्धमा ।

निर्णय नं. ११ : यस नगरपालिका अन्तर्गत रहेका मठ, मन्दिर सञ्चालन तथा व्यवस्थापनको लागि यस नगर कार्यपालिकाको यसै बैठकबाट "मठ मन्दिर सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१" पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ : सेवा करार सम्बन्धमा ।

निर्णय नं. १२ : यस नगरपालिका कार्यालयको आ.व. ०७९/०८० मा स्वीकृत O&M वमोजिम रिक्त रहेका पदहरुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) तथा मधेश प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा मिति २०८१ भदौं ७ गते प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा १६ अनुसार तपसिल बमोजिमको पदमा सेवा करारमा सम्झौता गरि पदपूर्ति गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | पद | तह | पदपूर्ति संख्या |
|---|---|---|---|
| १. | सहायक कम्प्युटर अपरेटर | चौथो | ८ |
| २. | अमिन | चौथो | १ |
| ३. | चालक (बेकहो लोडर) | श्रेणी विहीन | १ |
| ४. | विद्युत मिस्त्री | श्रेणी विहीन | ३ |
| ५. | सहायक विद्युत मिस्त्री | श्रेणी विहीन | ५ |
| ६. | कार्यालय सहयोगी | श्रेणी विहीन | ५ |
| ७. | सरसफाइ कर्मी | श्रेणी विहीन | ५ |

CamScanner